नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## पारदर्शिताका लागि गुणस्तरीय लेखामान अपरिहार्य : गभर्नर डा. नेपाल

नेपाल वित्तीय रिपोर्टिङ मापदण्ड (Nepal Financial Reporting Standard : NFRS) बारे छलफल गर्ने उद्देश्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था (ICAN) ले २०७२ वैशाख ४ गते "First Time Adoption Of Nepal Financial Reporting Standard" विषयक एक कार्यशालाको आयोजना गऱ्यो । सो कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा गभर्नर डा. चिरन्जीबि नेपालले सम्बोधन गर्नुभयो ।

सो अवसरमा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. नेपालले अहिलेको युग आर्थिक विकास र समृद्धिको युग भएकाले हरेक क्षेत्र पारदर्शी हुनुपर्ने र सोका लागि सबै संस्थामा चार्टर्ड एकाउन्टेन्ट (सी.ए.) को सेवा अपरिहार्य रहने धारणा राख्नुभयो । संस्थाको वित्तीय अवस्थाका बारेमा यथार्थ कुरा बाहिर ल्याउनुपर्नेमा नेपालमा यस सम्बन्धमा थप सुधारको आवश्यकतामाथि प्रकाश पार्दै उहाँले कुनै पनि संस्थामा भएको लगानी, सोको सुरक्षाको अवस्था, प्रतिफल प्राप्तिको अवस्थाबारे यथार्थ जानकारी सी.ए.बाट प्राप्त हुन सक्ने उहाँको धारणा थियो । नेपालका सरकारी कार्यालयहरुमा सी.ए. जनशक्तिको आवश्यकतामाथि प्रकाश पार्दै उहाँले संस्थाको उन्नति तथा प्रगतिमार्फत मुलुकको आर्थिक विकासलाई गति दिने हो भने सो जनशक्तिको व्यवस्था अनिवार्य रूपमा गर्नुपर्ने उहाँको सुझाव रहेको थियो ।

चार्टर्ड एकाउन्टेन्टले नै कुनै पनि संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने धारणा राख्दै गभर्नर डा. नेपालले नेपालबाट उत्पादित सी.ए. सम्बन्धी जनशक्ति अन्तर्राष्ट्रिय स्तरको हुनुपर्ने र सो नभएमा तत्काल सुधार गर्नुपर्ने उहाँको जोड रहेको भयो । विकसित देशमा सी.ए. को प्रतिवेदन हेरेर कुनै पनि संस्थाको भविष्यको योजना बनाइने उल्लेख गर्दै उहाँले नेपालले सी.ए.को महत्वलाई थप बुझ्नु आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

लेखा सम्बन्धी रिपोर्टिङमा रहने गरेका कमजोरी हटाउनुपर्नेमा जोड दिँदै उहाँले राम्रो वित्तीय अवस्था रहेको रिपोर्टिङ गरिएको संस्था केही समयापछि नै समस्याग्रस्त हुनुको कारण पहिचान गर्नुपर्ने र यसतर्फ सजग रहन उहाँले सुझाव दिनुभयो । सी.ए.को रिपोर्टिङको गुणस्तरले समग्र राज्य व्यवस्थालाई प्रभाव पार्न सक्ने हुँदा यसको गुणस्तर अभिवृद्धि मार्फत अन्तर्राष्ट्रिय छवि समेत अभिवृद्धि हुने र विदेशी लगानीलाई आकर्षित गर्नुका साथै नेपाल वैदेशिक लगानीको एक आकर्षक गन्तव्य हो भन्ने सन्देश प्रवाह गर्न मद्दत पुग्ने उहाँले स्पष्ट पार्नुभयो ।

मुलुकको समग्र विकासका लागि सी.ए.को अपरिहार्यता रहने हुँदा चार्टर्ड एकाउन्टेन्टको उत्पादन र उपयोगमा सहयोग गर्न नेपाल राष्ट्र बैंक सदैव तयार रहने उहाँले आश्वासन दिनुभयो ।

**२०७२ वैशाख ४ गते, शुक्रबार**

**गभर्नरको कार्यालय**